# प्रेश विज्ञप्ती

## प्राइम कमर्सियल बैंकका थप शाखाको शुभारम्भ कम – ललितपुरको  लगनखेलमा

विभिन्न बैंकर्स, उद्योगी, व्यवसायी,शिक्षाविद एवं व्यवसायिक व्यक्तित्वहरुद्वारा प्रवर्द्धित तथा विभिन्न नविनतम बैङ्किग सेवाहरु प्रदान गर्दै संचालनको पहिलो वर्षमा नै खूद मुनाफा आर्जन गर्न सफल भएको प्राइम कमर्सियल बैंकले आजदेखि ललितपुरको  लगनखेलमा पनि नयां शाखाको शुभारम्भ गरेको छ ।

स्थानीय उद्योगी, व्यवशायी, शिक्षक, समाजसेवी तथा विभिन्न पेशाकर्मीहरुको उपस्थितिमा आज एक समारोहका विच नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर श्री बीर बिकम रायमाझीले ललितपुरको लगनखेलमा **पाटन शाखा**को समुदघाटन गर्नु भयो ।

शाखाहरुको शुभारम्भको अवसरमा नेपालकै बैकिंग क्षेत्रमा पहिलो पटक प्रस्तुत गरिएको सुनचाँदी सम्बन्धि “प्राइम गोल्ड सर्टिफिकेट” लगायत बिभिन्न निक्षेप योजनाहरु तथा निःशुल्क डेबिट कार्ड, ई-बैकिङ्ग , Any Branch Banking एवं SMS Banking जस्ता अत्याधुनिक सेवाहरु प्राप्त हुनेछन् ।

बैकले शाखा बिस्तारको कममा २०६५ कार्तिक १८ गते उपत्यका बाहिर  धरान, भरतपुर तथा पोखरामा तीन नयां शाखाहरु र २०६५ कार्तिक २२ का दिन काठमाडौको नयां बानेश्वर र बालाजुमा दुई नया को शुभारम्भ गरी कारोवार शुरु गरि सकेकोछ । यस शाखाको संचालन पछि बैकको शाखा संख्या ७ पुगेको छ ।

यसै कमलाई निरन्तरता दिदै बैकले अगामी दिनहरुमा पनि शाखाहरुको संजाल बिस्तार गर्दै लगी आफ्नो सेवा दिन अग्रसर रहेको प्रतिवद्दता प्रकट गर्दछ ।

साथै बैंकले निक्षेप कर्ता तथा ग्राहकहरुको सुविधालाई ध्यानमा राखी दिदैं आएको चुस्त, आत्मीय र ग्राहक मुखी सेवालाई अझ परिमार्जित गरी आगामी दिनहरुमा अग्रगामी सेवाहरु पनि संचालनमा ल्याउने कार्यकम रहेको छ ।

धन्यवाद  ।

२०६५/०७/२४/१

नारायण दास मानन्धर
प्रमुख कार्यकारी अधिकृत